४) **प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नेः**- (१) माथिको दफा (१) बमोजिमको समितिले आवेदन दर्ता गर्न तोकिएको म्याद समाप्त भएको मितिले दश दिन भित्रमा योग्य ठहरिएका आवेदकहरु मध्येबाट उपलब्ध भएमा १० जना र नभएमा उपलब्ध संख्याका उम्मेदवारको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ ।

तर प्राप्ताङ्क बराबर भएमा बराबर प्राप्ताङ्क भएका सबै उम्मेदवारहरुलाई समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनका लागि दरखास्त दिने उम्मेदवारहरुको मूल्यांकन देहायका आधारमा गरिनेछः-

क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत बापत ७० अंक,

ख) न्यूनतम भन्दा माथिल्लो शैक्षिक योग्यता बापत १० अंक,

ग) नेपाल सरकारद्वारा संचालित कार्यक्रम वा साबिकका स्थानीय निकाय वा हालका स्थानीय तहहरुमा तोकिए बमोजिमको प्राविधिक सहायक पदमा काम गरेको अनुभव बापत प्रति वर्ष २ अंकका दरले अधिकतम १० अंक।

घ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थायी वासिन्दा भएबापत १० अंक ।